स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अनमोल केसी, सलोन बस्नेत, गौरव पहारी, सुशील श्रेष्ठ, स्वस्तिमा खड्का, नाजिर हुसेन, प्रकृति श्रेष्ठ जस्ता कलाकारलाई डेब्युको अवसर दिएको 'होस्टेल' फ्रेन्चाइजको तेस्रो श्रृंखलाको रुपमा निर्माण भएको फिल्म 'होस्टेल ३'को ट्रेलर सार्वजनिक गरिएको छ। काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ३ मिनेट लम्बाईको ट्रेलरले फिल्मको कथावस्तुबारे जानकारी गराउँछ। अभिनेता प्रवीण खतिवडाको 'भ्वाइस ओभर'बाट कथा पेस गरेको छ।

**आजको विचार...**



आभ्ना... (दुई पेजमा)

प्रविज्ञ रेग्मी

गायिका समीक्षा अधिकारीले नक्कली बिरामी देखाएर चन्दा आतंक मच्चाउनेहरूलाई अनुसन्धान गरी कारबाही गर्न माग गरेकी छन् । पछिल्लो पटक केही नक्कली बिरामी खडा हुने र सहयोगी मनहरूलाई 'इमोसनल ब्ल्याकमेल' मा पारि ठग्नेहरूको पर्दाफास भएको उनले बताएकी हुन् । कलाकारिताका नाममा, सामाजिक अभियन्ताका नाममा वा फेमिनिस्काट नाममा चलाउने यस्ता अभियानहरु राम्रोसँग बुझेर मात्रै मन फुकाउन सहयोगीहरूलाई अपिलसमेत गरेकी छन् ।



❒ वर्ष ३० ❒ अंक २११ ❒ २०८१ फागुन ११ गते आइतबार 23 February 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### बस दुर्घटनामा १२ को मृत्यु

(रासस/एएफपी)

**ब्राजिल** फागुन १०/ब्राजिलको दक्षिणपूर्वी राज्य साओ पाउलोमा बस र ट्रक बीचको ठक्करमा विश्वविद्यालयका १२ जना विद्यार्थीको मृत्यु भएको र २१ जना घाइते भएको अधिकारीहरूले बताएका छन् । 'बस र ट्रकको भयानक दुर्घटनामा १२ जना विद्यार्थीको ज्यान गएको यस त्रासदीको दुःखद समाचारबाट हामी जागा भएका छौं', राज्यका गभर्नर टारसिसियो फ्रिटासले एक्समा लेखेका छन् । साओ पाउलो नागरिक सुरक्षा अधिकारीहरूले एक बयानमा राति भएको दुर्घटनापछि २१ जना घाइतेलाई अस्पताल लगिएको र अधिकांशलाई डिस्चार्ज गरिएको बताएका छन् । घाइतेमध्ये एक जना 'क्रेनियल ट्रामा' बाट पीडित थिए र अन्य तीन जनालाई अस्पतालमा भर्ना गरिएको छ र उनीहरूको अवस्था स्थिर छ । फ्रिटासले विद्यार्थीहरू दुर्घटना भएको बेला फ्रान्काको निजी विश्वविद्यालयबाट घर फर्कँदै गरेको बताए । 'उनीहरूले आफ्नो सपना अधुरो भएको देखे', उनले भने ।

## प्यारागन बोर्डिङको यात्रा

# टहराबाट सुविधा सम्पन्न भवन, रजत जयन्ती मनाउँदै 'स्वर्ण जयन्तीतिरको यात्रा'

रामचन्द्र रायमाझी

**पाल्पा,** फागुन १०/निजी विद्यालयको रुपमा सञ्चालित पाल्पा प्यारागन इङ्गलिस बोर्डिङ स्कूल टहराबाट सुविधा सम्पन्न पक्कि भवनमा सञ्चालित छ । व्यवहारिक, जीवनोपयोगी, वैज्ञानिक र नैतिक मूल्य बोध गराउने शिक्षाको मान्यता राखी पाँच कोठे टहराबाट २०५३ सालमा स्थापना भएको स्कूल रजत वर्षमा आइपुग्दा सुविधा सम्पन्न पक्की भवनबाट पठनपाठन गराउँदै आएको छ ।

८७ जना विद्यार्थीहरु राखेर पठनपाठन सुरु गरेको विद्यालयमा हाल ३ सय ८ जना विद्यार्थीहरु अध्ययनरत छन् । शैक्षिक व्यक्तित्व अनिल कुमार रनपालको नेतृत्वमा स्थापना भएको स्कूल



तत्कालिन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णप्रसाद बस्यालको घरमा कार्यालय सञ्चालन गरी उनकै खाली जग्गामा पाँच कोठे टहरा निर्माण गरी कक्षा सञ्चालन गरिएको थियो । २०६१ सम्म विभिन्न व्यक्तिहरुको घर भाँडामा लिई सञ्चालन हुँदै आएको स्कूल देशमा आएको राजनीतिक उत्तराचढावसँगै विचलनको अवस्थामा पुगेको थियो । स्कूल विचलनका कारण धरासयी अवस्थामा पुग्दा १६ जना विद्यार्थी मात्र अध्ययनरत रहे । तर २०६६ मा आएर केही व्यक्तिहरुको सक्रियतामा पाल्पा प्यारागन इङ्गलिस बोर्डि स्कूलको नामबाट नयाँ व्यवस्थापनका साथ सञ्चालनमा ल्याइयो । स्कूललाई नयाँ व्यवस्थापनका साथ सञ्चालन गर्न चन्द्रबहादुर नेपाली, रामबहादुर बयम्बु, दिपक गुभाजु, ताराबहादुर कुंवर, वर्तमान अध्यक्ष जगदीश प्रसाद भट्टराई हालका प्रिन्सिपल गंगाबहादुर खत्री लगायतका व्यक्तित्वहरुको महत्वपूर्ण योगदान रहेको छ । विभिन्न कालखण्डमा आरोह, अवरोहहरुको सामना गर्दै आएको प्यारागनले २५ वर्षको यात्रामा आफुलाई पश्चिम क्षेत्रकै प्रतिष्ठित र उत्कृष्ट शैक्षिक संस्थाको रुपमा पहिचान बनाउन सफल भएको छ । त्यसबेला धेरैले विश्वास नगरेको विषय थियो पाल्पामा निजी स्कूल भोलि राष्ट्रियस्तरमा प्रतिष्ठित र उत्कृष्ट शिक्षा दिने प्यारागन स्कूलको रूपमा खडा हुनेछ तर धेरैको आकलनलाई गलत सावित गर्दै प्यारागनले आनो २५ वर्षे यात्रा सम्झँदै शनिबार २५ औं बार्षिक उत्सव, अभिभावक तथा रजत जयन्ती मनाएको छ । स्कूलले रजत जयन्ती मनाएसँगै 'स्वर्णतिरको यात्रा' तय गरेको छ । तल्कालिन समयमा अंग्रेजी माध्यममा पढ्न चाहनेहरुका लागि प्राप्त विद्यालयहरु थिएनन् ।

निजी शैक्षिक संस्थाका रुपमा सीमित स्कुलहरु त खुलेका थिए, तर तिनले समयसापेक्षा शिक्षालाई अगाडि बढाउन सकेका थिएनन् । त्यही परिवेशमा स्थापना भएको प्यारागनलाई शैक्षिक विकासको आधारशिला मान्न सकिन्छ ।

-बाँकी अन्तिम पेजमा...

## साइवर अपराधबाट बचौं ।

- सामाजिक सञ्जाल वा अन्य माध्यममा अश्लील श्रव्य, दृष्य वा श्रव्यदृष्य पोष्ट वा शेयर, लाईक नगरौं,
- सामाजिक सञ्जालमार्फत कसैको चरित्रहत्या नगरौं,
- सामाजिक सञ्जालमार्फत अमर्यादित कार्य नगरौं,
- सामाजिक सञ्जाल मार्फत गालीगलौज नगरौं,
- सामाजिक सञ्जालमा भ्रमपूर्ण सूचना तथा समाचार नराखौं,
- विद्युतीय माध्यममार्फत कुनै ठगी नगरौं ।

यस्तो कार्य गर्ने गराउनेलाई कानूनी कारवाही हुन्छ ।
कानूनी कारबाहीबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सामुदायिक र निजी विद्यालयको 'मितेरी' सम्बन्ध

**तुलसीपुर,** फागुन १०/केही समयअघि दाङको तुलसीपुर उपमहानगरपालिका-३ स्थित मावि प्रतापकोटको भवन रङरोगन थिएन । झ्याल, ढोका उप्किएका थिए । कक्षा कोठामा म्याट थिएन, जसले गर्दा विद्यार्थीहरू धुलैधुलोमा बस्न बाध्य थिए । डेस्क, बेञ्च भाँचिएका थिए । तर, अहिले त्यस्तो अवस्थामा छैनन् । सोही विद्यालयलाई सहयोग गर्न भगिनी सम्बन्ध जोडेको तुलसीपुर-६ स्थित गोरखा माध्यमिक विद्यालयले यी सबै समस्या समाधान गरिदियो ।




विद्यालय रङ्गीचङ्गी छ । कोठामा म्याट, डेस्क, बेञ्च नयाँ छन् । त्यति मात्रै होइन, कक्षा कोठामा स्मार्ट बोर्ड र प्राजेक्टर पनि छ । यसरी नै गोरखाले मावि प्रतापकोटमा जे आवश्यक छ, त्यो सहयोग गर्दै आएको छ । विद्यालयको भौतिक पूर्वाधार सहयोगदेखि खेलकुदका सामग्री पनि सहयोग गर्दै आएको छ भने विद्यार्थीलाई शैक्षिक सामग्री, पोसाकलगायत सहयोग गर्दै आएको गोरखा ग्रुपका शैक्षिक निर्देशक दुर्गा केसीले बताए । गएको वर्ष ३२ थान डेस्क, बेञ्च, पुरानो चार कोठे भवनको रङरोगन, झ्याल ढोका मर्मत गर्न सहयोग गरेको निर्देशक केसीले बताए । त्यस्तै विगतमा विद्यार्थीलाई न्यानो कपडा वितरण, खेलकुद सामग्री, विद्यार्थीका लागि राउन्ड टेबल, म्याट, प्राथमिक उपचारका सामग्री सहयोग गरिएको छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## प्रकृति लम्साल घटनाको सत्यतथ्य पत्ता लगाइयोस्

उडिसाको किट विश्वविद्यालयमा नेपाली छात्रा प्रकृति लम्सालको आत्महत्याको घटनाले यति बेला नेपाल नै तरंगीत बनेको छ । आफ्नो सुन्दर भविष्य बोकेर भारतमा अध्ययन गर्न गएकी प्रकृतिको भारतको उडिसास्थित केआईआईटी विश्वविद्यालयको होस्टेलमा भएको शंकास्पद मृत्यु प्रकरणले सारा नेपालीलाई दुखित र आक्रोशित बनाएको छ । आत्महत्यापछि नेपाली विद्यार्थीहरूले गरेको विरोध र त्यसपछि उनीहरूमाथि विद्यालय व्यवस्थापनले गरेको दूरव्यवहार र जर्बजस्ती निकाला लगायतका घटनाले यो प्रकरणले चौतर्फी रूपमा धेरैको ध्यान खिचिरहेको छ । विश्वविद्यालयमा विद्यार्थी सरोकार सुनुवाइ गर्ने संयन्त्र र संवेदनशीलता नहुँदा नेपाली विद्यार्थीले अनाहकमा ज्यान गुमाउनुपर्‍यो । अर्कोतर्फ, उनको मृत्युप्रति चिन्ता र चासो राख्ने नेपाली विद्यार्थीको मागलाई पनि विश्वविद्यालयले सुनुवाइ गरेन, बरु दमन र दुर्व्यवहारमा उत्रियो ।

घटनाका पृष्ठभूमि र परिणामप्रति संवेदनशील हुन र वातावरणलाई सहज बनाउन विश्वविद्यालय प्रशासनको क्षमता पर्याप्त छैन भन्ने प्रस्ट भएको छ । यो घटनाको वास्तविकता बाहिर नआउँदासम्म नेपालमा सिंगो भारतप्रति नै नकारात्मक धारणा फैलिरहने तथ्यलाई राम्ररी आत्मसात् गरी भारतको केन्द्रीय सरकारले नै यो घटनाको स्वतन्त्र अनुसन्धान गरेर छिटोभन्दा छिटो सत्यतथ्य बाहिर ल्याउने वातावरण सिर्जना गर्नुपर्छ । प्रकृतिले दिएको उजुरीप्रति असंवेदनशील हुनु नै विश्वविद्यालयको ठूलो गल्ती हो । दुर्व्यवहार र हिंसा गर्नेलाई प्रहरी अनुसन्धान गराउन सहयोग गर्नुको सट्टा हल्काफुल्का ढंगले व्यवहार गर्नु त्रुटिपूर्ण कदम थियो । त्यसपछि पनि उसले गल्ती दोहोर्‍याइरह्यो । उनको त मृत्यु भयो नै, आफ्ना साथीको मृत्यु भएपछि त्रसित नेपाली विद्यार्थीप्रति पनि विश्वविद्यालयले चरम दमन गर्‍यो । यो अत्यन्तै दुखको कुरा हो । यदि साँच्चै नै प्रकृति र उनको परिवारलाई न्याय दिने हो भने प्रकृतिलाई आत्महत्या गर्न बाध्य पार्ने व्यक्तिलाई आत्महत्या दुरुत्साहनमा मुद्दा चलाएर कारबाही प्रक्रिया अगाडि बढाउनुपर्छ । त्यसो हुन सकेन र यो घटनालाई त्यसै गुपचुप पार्ने प्रयास गरियो भने त्यसले सिंगो उडिसा र भारतको केन्द्रीय सरकारले नै अन्तर्राष्ट्रिय रुपमा बदनामी भोग्नुपर्नेछ । तसर्थ सत्य तथ्य पत्ता लगाई दोषीलाई कडा भन्दा कडा कारवाही गरियोस् ।

### Opinion @ Social Network

आमाले भने गर्नुहुन्थ्यो कुरा काट्ने धेरै आउछन्
तिमी आफ्नो नजरको सहि हुनु है ।


(माया सारुको फेसबुक पेजको स्टाटस https://www.facebook.com/(Maya.Saru)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आफ्ना केटाकेटीलाई कुन स्कुल भर्ना गर्ने !



प्रविज्ञ रेग्मी

मेरो बच्चालाई कहाँ भर्ना गरौं ? यो प्रश्नले अभिभावकलाई पिरोल्ने समय आएको छ । एक शैक्षिक सत्य बुझी राखौं – स्कुलको नाम, प्रतिष्ठा वा श्रेणीले विद्यार्थीको शैक्षिक भविष्य पूर्ण रूपमा सुनिश्चित गर्दैन। विद्यार्थीको सफलता र स्कुलको प्रतिष्ठा वस्तुगत रूपमा भिन्न छन् । विशेषत: विद्यालयहरूले आफ्नो विशेष पहिचान दिन त्यहाँ भएका भौतिक संरचना, सुविधाहरू, विद्यालयको परीक्षा नतिजा र अन्य आफ्ना सबल पक्षहरूलाई प्रकाशित गर्दै आफ्नो प्रतिष्ठा निर्माण गर्छन् । तिनका आधारहरूमा उच्च श्रेणीको वा औसत स्कुलका रूपमा विभिन्न सञ्चार माध्यमहरूले जानकारी दिन्छन् । उपर्युक्त आधारहरू एक असल स्कुलका सूचक हुन सक्छन् । तर ती सूचकहरूले आफ्ना बालबालिकालाई शैक्षिक सुनिश्चितता दिन्छन् भन्ने प्रत्याभूतिलाई अभिभावकहरूले शतप्रतिशत आधार मान्न हुँदैन । यसलाई एक सहजै देखिने तथ्यले स्पष्ट पार्छ । औसत वर्गमा पर्ने स्कुलका विद्यार्थीका शैक्षिक र विकासात्मक सफलता अनगिन्ती छन् र यस्तै उच्च श्रेणीका स्कुलमा पनि प्रशस्त संघर्षरत विद्यार्थी पाइन्छन् । कहिलेकाहीं औसत स्कुलले उच्च श्रेणीलाई माथ गर्छन् । यस तथ्यले के स्पष्ट पार्छ भने, उच्च श्रेणी र औसत स्कुलमा विद्यार्थीका शैक्षिक सफलताका अन्य आधारहरू छन् । ती वस्तुगत आधार अभिभावकहरूले पहिल्याउन सकेमा आफ्ना बालबालिकाका लागि स्कुल छनोट गर्न सजिलो हुन्छ । यो लेखमा अभिभावकहरूलाई स्कुल चयन गर्दा जान्नै पर्ने तत्वहरू उल्लेख गर्ने छ । आशा छ सहयोग पुग्ने छ । अनुसन्धानले देखाए अनुसार अभिभावकको वा स्कुलको साधन स्रोतको मनग्यताले मात्रै शैक्षिक उपलब्धि ल्याउँदैन। तिनले शैक्षिक प्रक्रियालाई सहज बनाउन मद्दत गर्छन् । तर ती साधनहरू शिक्षा प्रक्रियासँग मेल नखाएमा निष्प्रभावी हुन्छन् । अनुसन्धान भन्छ – स्कुलको नेतृत्व सबल छ, विद्यार्थी केन्द्रित शिक्षा प्रणाली छ, शैक्षिक संस्कृति एकबद्ध छ, अभिभावक र समुदायको सहभागिता छ भने मात्रै स्रोत साधनले परिणाम ल्याउँछ। स्कुलको वैभवता र प्रतिष्ठा (ब्रान्डिङ) लाई मात्र आधार मान्दा आम अभिभावकहरूले स्कुलको सही चयनमा त्रुटि गर्छन् । स्कुल चयनको पहिलो आधार हो – त्यहाँका विद्यार्थीका बौद्धिक विकासका लागि निर्माण गरिएको शैक्षिक कार्यक्रम । शैक्षिक कार्यक्रम अन्तर्गत स्कुलको पाठ्यक्रमको विस्तार, यसको योजना र निरन्तरको मूल्यांकन प्रणाली, तथ्यांकमा आधारित विद्यार्थी प्रगतिका अनुगमन र कार्यान्वयन छन् । यतिमा मात्र सीमित नभएर असल स्कुलका शैक्षिक कार्यक्रमले विद्यार्थीका सर्वांगीण विकासलाई पनि समेट्छन् । यस्ता स्कुलहरूले स्रोत साधनलाई योजनाबद्ध भएर त्यसमा लगानी गर्छन् । भौतिक सुविधा वा यसको चम्किलो प्रदर्शनलाई केन्द्रमा राख्ने संस्थाहरू अन्तत: यान्त्रिक बन्ने जोखिम हुन्छ र शिक्षा देखावटी बन्छ । तर भौतिक सुविधाको साथमा स्कुलको दक्षता, प्रभावकारी शैक्षिक कार्यक्रम र त्यसै अनुसारको तालिम प्राप्त शिक्षकहरूका साथ उत्कृष्ट बन्न जान्छ । 'कम लगानीमै हुने निर्माणात्मक मूल्यांकन रणनीति, विद्यार्थीलाई दिइने पृष्ठपोषण र सकारात्मक विद्यार्थी-शिक्षक सम्बन्धले शिक्षालाई खर्च गरेर झल्काइएका विभिन्न सुविधाले भन्दा धेरै प्रभावकारिता ल्याउँछ,' भिजीबल लर्निङका अध्येताहरू भन्छन् । ओइसिडी अध्ययनले भन्छ – बाह्य स्वरूपमा लगानी केन्द्रित गर्दा प्रतिफल उल्टो पनि आउन सक्छ । त्यसैले अभिभावकहरूले स्कुल छान्दा त्यसको समग्र शैक्षिक कार्यक्रमलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । सँगै, त्यो कार्यक्रमले आफ्नो बच्चाको आवश्यकता सम्बोधन गर्छ कि गर्दैन भन्ने थाहा पाउन अनिवार्य हुन्छ । यसका लागि पहिले स्कुलको मूल्य, मान्यता र दर्शनका बारेमा जानकारी लिनुपर्छ । कस्तो शैक्षिक दृष्टिकोण आधारमा स्कुल स्थापना भएको हो, त्यस अनुसार पाठ्यक्रमलाई कसरी योजना गरिएको छ, सिकाइलाई कसरी व्यावहारिक बनाइन्छ, परम्परागत शैलीलाई कसरी समयसापेक्ष परिष्कृत गरिएको छ भन्ने जस्ता प्रश्नहरूले स्कुलको शैक्षिक आधारको ज्ञान दिन्छ । दोस्रो, शिक्षकको दक्षताबारे पनि थाहा पाउनुपर्छ । शिक्षकको पेसागत तालिम कसरी दिइन्छ, तालिम र स्कुलको दर्शनबीच कत्तिको तादात्म्यता छ, स्कुल कार्यक्रम कसरी लागू गरिन्छ लगायतको प्रमाणका लागि कक्षाकोठा अवलोकन गर्नुपर्छ । अभिभावकहरूले स्कुल छनोट गर्दा त्यस स्कुलले शिक्षकको पेसागत दक्षतामा गर्ने लगानीलाई नियाल्नुपर्छ । यसको प्रत्यक्ष प्रभाव विद्यार्थीमा पर्छ । कुशल शिक्षकमा जोड दिने स्कुल पछि पर्दैनन् । यस्ता स्कुलहरूले निरन्तरको पेसागत विकासमा प्रशस्त स्रोत साधन खर्च गर्छन् । शिक्षक-विद्यार्थी अनुपात १:१२ आदर्श मानिन्छ र हरेक कक्षामा २५ भन्दा कम विद्यार्थी हुनुपर्छ। गुणस्तरीय प्रगतिशील विद्यालयमा व्यक्तिगत शिक्षणका लागि यो संख्या १५ सम्म पनि झारिन्छ । तेस्रो, स्कुलले विद्यार्थी मूल्यांकन गरेका तथ्यांकलाई कसरी प्रयोग गर्छ भन्ने जानकारी राख्नुपर्छ । स्कुल झलझलाउँदो छ, तर शैक्षिक उपलब्धिको तथ्यांक प्रयोग गरेको छैन भने, त्यहाँ स्वप्रेरित भन्दा अन्य विद्यार्थीले प्रगति गर्ने सम्भावना अति न्यून हुन्छ । थाहा पाउनुपर्ने चौथो तथ्य हो स्कुलको संस्कृति । यसअन्तर्गत स्कुलले विद्यार्थीको पार्श्वचित्र र समावेशी सिकाइको प्रवर्द्धन, सामाजिक-भावनात्मक सीपको विकासका सागै शिक्षक र विद्यार्थीबीचको अन्तरसम्बन्ध जस्ता पक्षहरू छन् । पाँचौं, स्कुलको शैक्षिक परिणामका सूचकहरूलाई पनि समग्रमा जानकारी लिनुपर्छ । तर यसलाई नै प्रमुख आधारका रूपमा राखेर अन्य तत्वहरूलाई छायामा पार्न हुँदैन । जुन स्कुलले तत्कालका परीक्षा परिणामभन्दा विद्यार्थीको दीर्घकालीन हित हुने कार्यक्रमलाई महत्त्व दिन्छन्, ती उपयुक्त हुन्छन् । यसका साथै सिकाइ केन्द्रहरूह जस्तै पुस्तकालय, खेलमैदान, संगीत कक्षा, प्रयोगशाला इत्यादिलाई कसरी पाठ्यक्रममा समावेश गरिन्छ भन्ने जानकारी राख्नुपर्छ । शैक्षिक योजनाका ती अभिन्न भाग भए मात्र विद्यार्थीले यस्ता कार्यक्रमका लाभ उठाउँछन्, अन्यथा ती क्रियाकलापमा मात्र सीमित हुन्छन् । यस्तै, अभिभावकहरूको संलग्नताको संस्कृति कस्तो छ, उनीहरूको भूमिकालाई कुन रूपमा परिभाषित गरिएको छ र त्यसलाई स्कुलले निर्णय प्रक्रियामा वा नीतिमा कसरी समावेश गर्छ भन्ने बुझ्नुपर्छ । अभिभावकहरूले आफूले चाहेको स्कुलको शिक्षकसँग छलफल गर्न छुटाउनै हुँदैन । गजब देखिने स्कुल छ, तर त्यहाँको अनुदेशात्मक नेतृत्व फितलो छ र शिक्षाको ज्ञान राख्दैन भने, त्यस्ता विद्यालयमा आफ्ना केटाकेटी भर्ना गर्न उचित हुँदैन । स्मरण रहोस्, अनुदेशात्मक नेतृत्व नै स्कुल र विद्यार्थी सफलताको अग्रणी तत्व हो । विद्यार्थीका चौतर्फी विकासका लागि सह-क्रियाकलापलाई पनि हेर्नुपर्छ । स्कुलले ती क्रियाकलापहरूलाई स्कुल कार्यक्रममा एकीकृत गरेको छ कि छैन भन्ने थाहा पाउनुपर्छ । उल्लिखित सबै तत्वहरूलाई समग्रतामा राख्नुपर्छ, एकल प्राथमिकतामा मात्रै हेर्न हुँदैन । स्कुलमा यी सबै पक्ष छन् भने, त्यस्ता स्कुलहरू सन्तुलित हुन्छन् र विद्यार्थीको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छन् । साथै, स्कुल छनोट गर्दा कुनले कस्ता पक्षलाई प्राथमिकतामा राखेका छन् भन्ने जानकारी लिनुपर्छ । उदाहरणका लागि, खेलकुद वा कला सम्बन्धी शिक्षालाई स्कुलले प्राथमिकता दिएको छ र यसमा अत्यधिक समय खर्चिन्छ भने अन्य शैक्षिक पक्ष कमजोर हुन सक्छ, वा यसको विपरीत पनि हुन सक्छ । बच्चाको रूचि जेमा छ, त्यस्ता कार्यक्रम स्कुलका प्राथमिकतामा छन् भने, त्यो स्कुल आफ्ना नानीहरूका लागि उपयुक्त हुन्छ । अभिभावकले ख्याल राख्नुपर्ने कुरा के हो भने, बच्चाको जुन पक्ष सबल छ, त्यसैमा केन्द्रित हुनुपर्छ, विशेष ध्यान दिनुपर्छ । त्यस पक्षमा विद्यार्थीलाई थप अभ्यास गराउने विद्यालय भएमा, बच्चाको आवश्यकतासँग मिल्छ र सफलताको सम्भावना उच्च हुन्छ । यो स्कुलको व्यक्तिगत शिक्षण (पर्सनलाइज्ड लर्निङ) कार्यक्रमले गर्छ । सन्तुलित र उच्च गुणस्तर भएका स्कुलले पनि हरेक विद्यार्थीको सफलतालाई सुनिश्चित गर्छ भन्ने चाहिँ हुँदैन । यसमा अन्य कारक तत्वहरूले पनि भूमिका खेल्छन् । राम्रो स्कुलमा राखिएको छ तर विद्यार्थीमा परिवर्तन आएको छैन भने अन्य विविध कारणहरू हुन सक्छन् । दोस्रो पाटोमा त्यसमा छोटो प्रकाश पार्छु । समताका दृष्टिकोणबाट स्वीकार्न सहज हुँदैन तर प्रशस्त शैक्षिक अनुसन्धानको निष्कर्षमा अभिभावकहरूको चुनौतीपूर्ण सामाजिक-आर्थिक अवस्थाले बालबालिकाको शैक्षिक उपलब्धिलाई प्रत्यक्ष नकारात्मक असर पारेको देखाउँछ । चुनौतीपूर्ण सामाजिक-आर्थिक अवस्थाले बालबालिकाहरूलाई औसतमा सबल परिवारका भन्दा दुईदेखि तीन वर्ष पछि धकेल्ने अध्ययनले देखाउँछ । घरको अप्ठ्यारो आर्थिक अवस्था, तनावपूर्ण मातापिता सम्बन्ध, असुरक्षाको अनुभव वा भावनात्मक क्षति भएका विद्यार्थीहरूलाई विद्यालय र दक्ष शिक्षकको समर्थनमा पनि शिक्षा आर्जन गर्न कठिन हुने अध्ययनले देखाउँछ । यदि अभिभावक समस्याग्रस्त छन् तर स्कुल सन्तुलित छ, वा स्कुल र अभिभावक ठीक छन्, तर विद्यार्थीमा मानसिक समस्या, जस्तै अटिजम वा संस्कारगत त्रुटि छन् भने पनि ती विद्यार्थीहरूको शैक्षिक सफलता न्यून हुन्छ । यस अवस्थामा स्कुलमा उपचारात्मक शिक्षा छ कि छैन भन्ने थाहा पाउनुपर्छ । सिकाइ कठिनाइ ( लर्निङ डिसएबिलिटी) भएको थाहा नहुँदा, जस्तै डिस्लेक्सिया (हिज्जेमा, पढ्नमा बारम्बार त्रुटि हुने) अवस्थालाई विद्यार्थीको लापरबाहीको रूपमा लिँदा, उनीहरूको शैक्षिक प्रक्रिया खल्बलिने हुन्छ । उपचारात्मक शिक्षाले यसलाई सघाउँछ । अभिभावक र स्कुलको सम्बन्ध सुमधुर नभएमा, अभिभावकहरूले आफ्ना नानी जाने स्कुलका शिक्षकमाथि विश्वास नगरेमा, वा स्कुलर शिक्षकका बारेमा आफ्ना नानीहरूसँग नकारात्मक टिप्पणी गरिरहेमा, विद्यार्थीले आत्मविश्वास गुमाउन सक्छन् र शैक्षिक सफलतालाई विपरीत दिशामा धकेलिदिन्छन् । उत्कृष्ट स्कुल छ तर विद्यार्थीमा आन्तरिक प्रेरणा वा सिकाइको मूल्यको अभाव छ, भावनात्मक चोटहरूले विक्षिप्त बनाएको अवस्था छ, अभिभावकले दिने समयको अभाव छ, अध्ययनको बानी विकास भएको छैन, घरमा समय व्यवस्थापनको समस्या छ भने पनि विद्यार्थी सफलतालाई असर गर्छ । 'राम्रो विद्यालयमा राखेको छु, हाम्रा नानीहरूको शिक्षाको जिम्मा सबै स्कुललाई नै सुम्पेको छु' भन्ने धारणा राख्ने अभिभावकहरूले पनि विद्यार्थीको सफलता अवरोध गर्छन् । यस्तै, अभिभावकले स्कुलमा दिने अत्यधिक दबाव वा अपेक्षाले पनि बालबालिकाको शैक्षिक उन्नति प्रतिगमनतिर लग्छ । सन्तुलित स्कुल, जसले विद्यार्थीका सामाजिक, भावनात्मक, शारीरिक र बौद्धिक पोषण गर्न सक्छ, तिनले विद्यार्थीको सफलता सुनिश्चित गर्न सक्छन् । स्कुलको विद्यार्थी सफलतामा अवश्य पनि अहम भूमिका हुन्छ। यो सत्य हो । तर मातापिता, घरपरिवार, र वातावरणको सकारात्मक समर्थनमा मात्रै । तसर्थ प्रतिष्ठा, श्रेणी, विज्ञापन वा हल्लाका भरमा विद्यालय चयन गर्न हुँदैन । सबै आयामलाई तुलनात्मक विश्लेषण गरी निर्णय गर्नु उचित हुन्छ । सारांशमा विद्यालय छनोट गर्दा यी कुरामा ध्यान दिनुपर्छ विद्यार्थीको आवश्यकता सही रूपमा सम्बोधन गर्न सक्ने । गुणस्तरीय विद्यार्थी-केन्द्रित शैक्षिक कार्यक्रम र दक्ष शिक्षक भएको। सबल अनुदेशात्मक नेतृत्व भएको । अभिभावकलाई सम्मिलित गर्ने । असल भौतिक संरचना र सुविधा सहितको, विद्यार्थीको सर्वांगीण विकास गर्न सक्ने स्कुल उत्तम हुन्छ ।

*-सेतोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** :सबल रहनुको साथै आध्यात्मिक क्षेत्रमा विकास हुनेछ। स्वास्थ्यले साथ दिनेछ।

**बृष** : व्यवसायमा लाभ मिल्नेछ। अगाडि गरेका कार्यहरूबाट लाभ प्राप्त हुनेछ।

**मिथुन** : प्रतियोगी परीक्षामा सफलता मिल्नेछ। कार्यक्षेत्रमा प्रभाव बढ्नेछ।

**कर्कट** : विचार गरेर कार्य गर्नुहोला। सन्तानको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ।

**सिंह**: योग र अध्यात्ममा रुचि बढ्नेछ। पैतृक सम्पत्तिको वादविवाद सुल्झिनेछ।

**कन्या** :सम्पादन गर्नमा सफलता मिल्नेछ। पैसा फिर्ता मिल्न सक्छ, प्रयास गर्नुहोस्।

**तुला** : नयाँ योजनाहरूको सुरुवात गर्ने समय रहेको छ। भ्रमणको रूपरेखा बन्नेछ।

**बृश्चिक** : चुनौतीहरूको सामना गर्नुपर्ला। कठिन मेहनत गर्नुपर्ने हुन्छ।

**धनु** :सावधानीपूर्वक किनमेल गर्नुहोस्। आस्था बढ्नेछ। स्वास्थ्यमा सुधार आउनेछ।

**मकर** : कार्य प्रारम्भ गर्नुहोस् सफलता मिल्नेछ।समाजमा प्रतिष्ठा बढ्नेछ।

**कुम्भ** : विशेष सफलता मिल्नेछ। नोकरी वा पेशामा कार्यक्षेत्रमा बाधा आउनेछ।

**मीन** :सोचे जस्तै सफलता मिल्नेछ। कमजोरी सुधार्न केही काम दोहोर्‍याउनु पर्ला।

# कृषि

## गहुँमा उत्पादनअनुसारको अनुदान



कैलालीको जानकी गाउँपालिका-४ का शेरबहादुर थारुले गत वर्ष १० कट्ठा जग्गामा २० क्वीन्टल गहुँ उत्पादन गरे । गाउँपालिकाले उत्पादनका आधारमा अनुदान दिन थालेपछि खेतीमा निकै मिहिनेत गर्नुभएका उनले यसवर्ष त्यही जग्गामा २५ क्वीन्टल उत्पादन गर्ने लक्ष्य लिएका छन् । गतवर्ष शेरबहादुरले उत्पादनका आधारमा रु छ हजार ४०० अनुदान पाएका थिए । 'कुनै झन्झट छैन, गाउँपालिकाबाट प्राविधिक खेतमै पुगेर सल्लाह दिनुहुन्छ, खेतमै पुगेर गहुँको तौल गरेर उत्पादनका आधारमा खातामा पैसा आउँछ', उनि भन्छन्, 'यसले किसानलाई मेहनेती बनाएको छ, उत्पादनमा पनि प्रतिस्पर्धा बढाएको छ ।' सोही वडाका सन्तलाल कठरिया पनि गाउँपालिकाको कृषि अनुदानबाट निकै प्रभावित भएका छन् । गाउँपालिकाले उपलब्ध गराएको अनुदान रकमले खेतीका लागि आवश्यक मलखाद खरिद गर्न पुगेको उनि बताउन्छन् । किसानलाई उत्पादनमा आधारित अनुदानले प्रोत्साहित गरेको उहाँको बुझाइ छ । 'अनुदान पाउन कति कठिन छ त्यो सबैलाई थाहा भएको कुरा हो, सामान्य व्यक्ति सायद सरकारले वितरण गर्ने अनुदानको पहुँचमा पुग्न सकेको छैन', उनले भने, 'यहाँ न कसैको शक्ति लाग्,। न पहुँचमा नै हुनुपर्छ, उत्पादन भयो भने अनुदान रकम खातामा आउँछ ।' किसान मोतीलाल चौधरीले गत वर्ष दुई बिघा पाँच कट्ठामा गहुँखेती गरे। उक्त जग्गामा मोतीलालले ९० क्वीन्टल गहुँ उत्पादन गरे । उत्पादनका आधारमा उनले गाउँपालिकाबाट रु ४१ हजार अनुदान प्राप्त गरेको बताए । 'गत वर्षभन्दा यस वर्ष बढी मेहनत गरेर तीन बिघामा गहुँखेती गरेको छु, अनुदान पनि बढ्ने छ', उनले भने 'पाएको अनुदानले बीउ र मलखादका लागि पुग्छ ।' यस्तै किसान सविता कठरियाले चार बिघा क्षेत्रफलमा गहुँखेती गरेका छन् । उनि उत्पादनका आधारमा अनुदान पाउनेभन्दा पनि गाउँपालिकाबाट प्राविधिक खेतमै पुगेर सल्लाह दिँदा बढी खुसी छन् । उनले अनुदानका साथमा प्राविधिक सहयोग पनि पाइरहेका छन् । 'हामी गाउँपालिकाको कामबाट निकै उत्साहित छौँ, बालीमा रोग लाग्दा समयमा उपचार पाएका छौँ, उत्पादन राम्रो हुँदा नगद अनुदान पाएका छौँ', उनले भने, 'गहुँ जस्तै अन्य बालीमा पनि अनुदान दिन सक्यो भने कृषि प्रति अझै आकर्षण बढ्दै जाने देखिन्छ ।' गत वर्ष गाउँपालिकाले ६५ किसानलाई झण्डै रु नौ लाख अनुदान दिएको थियो । अनुदानका लागि ७२ जनाले आवेदन दिएका थिए । यस वर्ष त्यो सङ्ख्या बढेर २०५ पुगेको कृषि शाखा प्रमुख लालविर चौधरी बताउन्छन् । उहाँका अनुसार किसानले खेती गरेको जग्गाको क्षेत्रफल नापजाँच गरेर बाली काटेपछि उत्पादनका आधारमा अनुदान रकम वितरण गर्ने गरिँदै आएको छ । 'गाउँपालिकाबाट प्राविधिकलाई किसानको खेतमै खटाएर त्यसको लागत ल्याउने काम गर्छौं, त्यसैका आधारमा किसानलाई अनुदान रकम दिने गरेका छौँ', उनि भन्छन्, 'किसान यसबाट उत्साहित भएको हामीले पाएका छौँ, फेरि वास्तविक किसानले अनुदान पाएका छन् ।' यसवर्ष गाउँपालिकाले अनुदानका लागि रु १४ लाख बजेट विनियोजन गरेको छ । उत्पादनका आधारमा किसानलाई अनुदान वितरण गर्न गाउँपालिकाले कार्यविधि नै ल्याएको छ । कार्यविधिअनुसार अहिले गहुँ बालीमा दिइँदै आएको अनुदान अन्य बालीमा पनि विस्तार गर्दै लैजाने गाउँपालिकाको तयारी छ । 'बीउ तथा मलखाद वितरण गरेर त्यसबाट कसले कति उत्पादन गर्न सक्यो त्यसको लेखाजोखा नहुने भएपछि नयाँ तरिका अपनाएका हा', गाउँपालिका अध्यक्ष गणेश चौधरीले भने, 'यसले किसानलाई उत्पादनसँग जोडेको छ भने किसान आफै उत्पादनका लागि प्रतिस्पर्धी बनेका छन् ।' उनका अनुसार किसानले खेतीमा राम्रो मेहनत गर्दै आएका छन् । गाउँपालिकाले कृषि जस्तै शिक्षामा पनि नतिजाको आधारमा विद्यालयलाई अनुदान दिन थालेको छ । कक्षा ५, ८ र १० का विद्यार्थीको वार्षिक परिक्षाको नतिजाका आधारमा विद्यालयलाई अनुदान दिन थालेसँगै विद्यालयबीचमा पनि प्रतिस्पर्धा हुन थालेको छ । यो कार्यक्रमले शैक्षिक गुणस्तरमा टेवा पुग्ने विश्वास गाउँपालिकाले लिएको छ ।

*-रासस*

## चापाकोटमा चार सय रोपनीमा सामूहिक आलुखेती



स्याङ्जाको चापाकोटका विभिन्न स्थानमा सामूहिक आलुखेती गरिएको छ । चापाकोट नगरपालिकाको वडा नं ८ र ९ का तीन वटा सहकारीमा आबद्ध कृषकहरूले झण्डै चार सय रोपनीमा सामूहिक आलुखेती गरेका हुन् । चापाकोटस्थित रत्नपुर साना किसान कृषि सहकारी संस्था, रत्नपुर बहुउद्देश्यीय सहकारी संस्था र नवदृष्टि कृषि सहकारी संस्थामा आबद्ध कृषकले छिपछाप, क्वामी, दिम्पा, सगुई, निर्दिम, माडी, बेल्टारीलगायत स्थानमा सामूहिक आलुखेती गरेका रत्नपुर साना किसान कृषि सहकारीका पूर्वअध्यक्ष जीवन डोटेलले बताए । उनका अनुसार रत्नपुर बहुउद्देश्यीय सहकारी संस्थामार्फत तीन सय २० रोपनी, रत्नपुर साना किसान सहकारी संस्थामार्फत ५० रोपनी र नवदृष्टि सहकारीमार्फत २० रोपनी गरी कूल तीन सय ९० रोपनी क्षेत्रफलमा आलुखेती गरिएको हो । 'तीन सय ९० रोपनी क्षेत्रफलमध्ये २० रोपनीमा बीउका लागि आलु लगाइएको छ', उनले भने, 'बाँकी तीन सय ७० रोपनी क्षेत्रफलमा खायन आलु लगाइएको छ ।' सामूहिक आलुखेतीमा वडा नं ८ र ९ का झण्डै दुई सय कृषक प्रत्यक्ष सहभागी भएका उनले बताए । यहाँ उत्पादन हुने आलु चिप्स बनाउने कम्पनीसित सम्झौता भएकाले बजारीकरणका लागि कुनै समस्या नरहेको उनले बताए । 'यहाँ जतिमात्रामा आलु उत्पादन गरेपनि बजार पाउँदैन कि भनेर पिरोलिनुपर्ने अवस्था छैन' उनले भने, 'चिप्स बनाउने कम्पनीसित आलु बिक्रीकालागि सम्झौता भएकाले हामीले आलु खनेपछि कम्पनीलाई खबर गर्छौं, कम्पनीले चलनचल्तीको भाउमा आलु खरिद गरेर लैजान्छ ।' यसवर्ष झण्डै चार सय टन आलु उत्पादन हुने अनुमान उनको छ । आलु कार्यक्रमकालागि कृषि ज्ञान केन्द्र स्याङ्जाले आलुको बीउमा ५० प्रतिशत अनुदान उपलब्ध गराएको कृषि ज्ञान केन्द्र स्याङ्जाका प्रमुख विनोद हमालले बताए । ज्ञान केन्द्रले बीउमा ५० प्रतिशत अनुदान उपलब्ध गराउनुका साथै नि:शुल्क कीटनाशक विषादी तथा प्राविधिक सहयोग, यन्त्र उपकरण तथा साना सिँचाइका लागि उपकरणमा ५० देखि ७५ प्रतिशत अनुदान उपलब्ध गराएको छ । यसवर्ष स्याङ्जामा दुई हजार चार सय रोपनी क्षेत्रफलमा आलु खेती गरिएको छ । निर्वाहमुखी रूपमा हुँदै आएको आलु खेतीमा आधुनिकता र व्यावसायिकतामा जोड दिएसँगै कृषक आलु खेतीतर्फ आकर्षित हुँदै गएका हुन् । गतवर्ष स्याङ्जामा एक हजार आठ सय ५० रोपनी क्षेत्रफलमा आलु खेती गरिएकोमा यसवर्ष पाँच सय ५० रोपनी क्षेत्रफलमा आलु खेती विस्तार गरिएको हो ।

विगतदेखि नै निर्वाहमुखी र परम्परागत रूपमा आलु खेती गरिँदै आए पनि विगत दुई वर्षदेखि आलुमा आधुनिकीकरण र व्यावसायिकतासँगै क्षेत्रफल र उत्पादनमा वृद्धि भएको प्रमुख हमालले बताए । स्याङ्जामा कृषक समूह, सहकारी व्यावसायिक फर्ममार्फत व्यक्तिगत र सामूहिक रूपमा आलु खेती गरिएको छ । जिल्लामा जनकदेव, खुमल उज्वल, कार्डिनल, एमएस ४५, रोजिटालगायत उन्नत जातको बीउ आलु लगाउने गरिएको छ ।

*-रासस*

## बिक्री भएन ऊन, विस्थापित हुने जोखिममा 'भेडिहार'



कोटहीमाई गाउँपालिका- ५ देवनबक्सापुरका रामायन पालले विगत २० वर्षदेखि भेडा पालन गर्दै आएका छन् । उनको अधिकांश समय घर बाहिर नै बित्ने गरेको छ । भेडा चराउन पाल मर्चवार मात्र नभई भैरहवा, लुम्बिनीलगायत क्षेत्रमा लैजानछन् । करिब तीन सय भेडाबाट सुरु भएको 'भेडिहार' पालको यो यात्रामा बिराम लाग्ने अवस्था उत्पन्न भएको छ । हाल उनीसँग ३५ वटा मात्र भेडा छन् । यसअघि चरन क्षेत्रको समस्या थियो नै अब भेडाको ऊन नै बिक्री हुन छाडेपछि पाल मात्र होइन भेडिहार समुदायको पेसा नै लोप हुने अवस्था छ । मर्चवारको मुख्य बाटोमा भेडाको रौँ काटेर यत्रतत्र फालिएको भेटिन्छ । भेडाको ऊन बिक्री हुन छोडेपछि भेडिहारले जहा रौँ काट्यो त्यही छोडेर हिँड्ने गरेका छन् । ऊन नै बिक्री हुन छोडेपछि विस्तारै उनहरुको रुचि यसबाट घट्न थालेको छ । 'पहिला मसँग तीन सय बढी भेडा थिए, ऊन पनि एक सय किलोभन्दा बढी बेच्ने गरेको थिएँ ।' पालले भने, 'केही वर्षयता ऊन बिक्नै छोडेको छ । त्यसैले अहिले सङ्ख्या घटाएर ३५ मात्र पालेको छु ।' यसअघि विभिन्न स्थानबाट क्रेताहरु भेडिहार खोज्दै उनीहरुको घर वा चरनस्थलमै पुग्ने गरेका थिए । तराईमा सामान्यत: भेडाको मासु पनि खाइँदैन । त्यसैले भेडा पाल्नेको अब आम्दानीको स्रोत शून्य भएको छ । भेडाको ऊनबाट बनेका कपडामा उपभोक्ताको रुचि घट्दै गएको कारण ऊन बिक्री नभएको कोटहीमाई गाउँपालिका-३ कुडसर बस्ने वरुनदेव पाल बताउँछन् । 'पहिला भेडाको ऊनबाट बनेको कपडाको माग उच्च रहेको थियो र यस पेसाबाट धानिन बल पुगेको थियो ।' उनले भने, 'अहिले त्यस्ता उद्योग बन्द हुँदै गएकाले पनि यसको माग नभएको हुन सक्छ ।' भेडाको ऊनबाट कम्बल, स्विटर, टोपीलगायत न्याना कपडा बुनिन्छ तर आधुनिक ब्लाङकेटले यसलाई विस्थापित गरेको छ । ब्लाङकेट रु दुईदेखि तीन हजारमा पाइन्छन् तर ऊनबाट बनाइएका कम्बल तुलनात्मक रुपमा महँगा भएकाले ऊनको माग घटेको उनको बुझाइ छ । यसबाहेक अहिले तराईमै भेडाहरुको लागि चरन क्षेत्रको समस्या पनि छ । 'पहिला धेरै खेत थिए चरन क्षेत्र पनि प्रशस्त हुन्थ्यो', स्थानीय नापु पालले सुनाए, 'चरनक्षेत्र अभावमा अब भेडा पाल्न गाह्रो छ ।' मर्चवारको कोटहीमाई गाउँपालिका-३र ५ को सम्मरीमाई गाउँपालिकालगायत जिल्लामा भेडा पाल्नेहरु उल्लेख्य सङख्यामा थिए । एक दशकअघि ३० हजारभन्दा बढी भेडा आफूहरुले पालेको पाल बताउहुन्छ । चरन क्षेत्रको कमी, ऊन र दूध र मासु पनि बिक्री नहुने भएपछि घरखर्च जुटाउन बाध्य भएर वैकल्पिक पेसामा लाग्नुपरेको उनको गुनासो छ । भेडापालकलाई जोगाउन स्थानीय सरकारले सघाउनुपर्ने स्थानीयको माग छ । स्थानीय समाजसेवी गणेश पाल परम्परागत पेसालाई जोगाउन स्थानीय सरकारले सघाउनुपर्नेमा जोड दिन्छन् । ऊन खरिद र बजारीकरणमा पालिकाले सहयोग गर्नुपर्ने उनको सुझाव छ । यसले 'एक स्थानीय तह, एक उत्पादन'को नीति कार्यान्वयन गर्न सहयोग पुग्ने उनी बताउँछन् ।

*-हाम्रा कुरा डटकम*

## इलाममा कोदोको उत्पादन घट्दै



स्वादिष्ट खाध्य परिकार र स्थानीय मधिरा उत्पादनको कच्चा पदार्थ कोदोको खेती इलाममा घट्दै गएको छ । नगदेवाली र तरकारीबालीको खेती बढेसँगै कोदोको खेती हरेक वर्ष घट्दै गएको हो । सन्दकपुर-४ की नरिमाया गुरुङ्को परिवारले अहिले कोदो खेती गर्न छोडेको ७ वर्ष भयो । खाध्यबालीका रुपमा खेतीहुँदै आएको कोदो गाउँमा एकै परिवारले ७ मुरी सम्म उत्पादन गर्थे । तर अहिले गाउँमा बोडी खेतीले कोदो रोप्ने बारी ढाकेको छ । १० वर्ष अघिसम्म पाटाबारी देखि पाखाबारी सम्म कोदो रोपिने सन्दकपुर-३ को सुलुबुङ्गमा अहिले कोदो खेती न्युन छ । इलाममा अहिले फाट्टफुट्ट मात्रै कोदो खेती हुने गरेको छ ।

मेहनत कम र धेरै आम्दानी दिनसक्ने नगदेवालीमा किसानको आकर्षण बढेपछि कोदो खेती घट्दै गएको किसान रुद्रप्रसाद ढकालले बताए । कोदो खाध्य बालीमा पर्छ । कुनै बेला किसानले वर्षभरि छाक टार्नका लागि कोदोको परिकार बनाउने चलन अहिले हटेको छ । नेपालीको भान्सामा धानको चामलका परिकार बढी प्रयोग हुन थालेसँगै गाउँमा कोदो खेती घटेको हो । कोदो आदिवासी जनजातिले स्थानीय मधिरा बनाउन कच्चा पदार्थको रुपमा प्रयोग गर्छन् । तर मदिरा बनाउन प्रयोग हुने कोदो पनि भारतबाट आयात हुँदै आएको छ । कोदोको खेती घट्नुमा आयका वैकल्पिक श्रोत र खेतीमा श्रम बढी लाग्नु हो । खेती गर्दा धेरै श्रम गर्नुपर्ने र आम्दानी पनि कम हुने भएकाले किसान कोदो छोडेर अन्य बालीमा आकर्षित भएका छन् । किसानले तरकारी बालीमा पर्ने बोडी, सिमि, नगदेवाली अदुवा, अलैची, अम्रिसोको खेतीमा आकर्षित छन् ।

**बजारमा आकर्षण बढ्यो** : यता गाउँघरमा कोदोको प्रयोग कम हुँदै गएको भए पनि शहरका होटल तथा केही स्कुलले भने कोदोको परिकारलाई नै आकर्षणको रूपमा राख्न थालेका छन् । होटेलमा आउने पाहुनाहरूले बजारमा बेच्न राखिएको चामल भन्दा गाउँमा उत्पादित कोदोको परिकार खोज्ने र मूल्य पनि बढी तिर्ने गरेको होटल ब्यावसायी संघ इलामका अध्यक्ष देबी पौडेलको भनाई छ । बजारमा ससाना सञ्चालित होटलहरूमा पनि कोदोको परिकारलाई प्राथमिकतामा राख्ने गरेको पौडेलले बताए । खाद्यान्नको रूपमा कोदोको प्रयोग गर्नु राम्रो हुने स्वास्थ्यकर्मीहरू बताउँछन् । चिनी र प्रोटिनको मात्रा कम हुने भएकाले सबै खालका मानिस र बिरामीहरूका लागि कोदो राम्रो मानिने चिकित्सकहरूको भनाइ छ । कोदोमा प्रशस्त मात्रामा क्याल्सियम, म्याग्नेसियम, फस्फोरस, म्यागनिज, भिटामिन बी, टिप्टोफेन, फाइबर, एन्टिअक्सिडेन्टलगायत तत्त्वहरू पाइने गर्दछ । तौल घटाउन, मुटु सम्बन्धी रोग नियन्त्रण गर्न, हाड बलियो बनाउन, स्वस्थ पेट बनाउन पनि कोदोलाई राम्रो मानिने चिकित्सकहरूको भनाइ छ । ६३ हजार २ सय ९७ हेक्टर खेती योग्य क्षेत्र रहेको इलाममा १ हजार ५ सय हेक्टर क्षेत्रफलमा मात्रै कोदो खेतीहुँदै आएको कृषि ज्ञान केन्द्रको तथ्याङ्क छ । *-इहिमालय टाइम्स डटकम*

# नारायण युवा क्लबद्वारा धार्मिक तथा पर्यटकीयस्थलको सरसफाई



**पाल्पा,** फागुन ९/सामाजिक क्षेत्रमा क्रियाशिल रहेको नारायण युवा क्लव तानसेनले जिल्लामा रहेका विभिन्न क्षेत्रका धार्मिक तथा पर्यटकीयस्थलहरुको सरसफाई गरेको छ । क्लवले नजिकिदै गरेको महाशिवरात्रीको पावन अवसरमा यहाँका धार्मिक तथा पर्यटकीयस्थलहरुको सरसफाई गरेको हो ।

यहाँका महादेव मन्दिर परिसर, शिवलिङ्ग १०८ धारा, हनुमान मन्दिर, हनुमानपार्क लगायतका स्थानमा क्लवमा आवद्ध सदस्य तथा पदाधिकारीहरु, नेपाल प्रहरी, शसस्त्र प्रहरी, नेपाली सेना, तानसेन खानेपानी उपभोक्ता समितिका सदस्य तथा पदाधिकारीहरु, नारायणटोल विकास संस्था, सिर्जनशिलटोल विकास संस्था, खलङ्गाटोल विकास संस्था, बडीज्ञानटोल विकास संस्थाका प्रतिनिधि लगायत स्थानीयवासीहरुको उल्लेख्य सहभागीतामा सरसफाई गरिएको क्लवका अध्यक्ष प्रबिनराज शाक्यले बताए । यहाँ उम्रिएका झारपात, प्लाष्टिक लगायतका अन्य फोहोरहरु पूर्ण रुपमा सरसफाई गरी कुहिने र नकुहिने फोहोर छुट्टा छुट्टै स्थानमा व्यबस्थापन गरिएको थियो । आफ्नो ठाउँ आफै बनाउने भन्ने अभिप्रायलाई आत्मसाथ गर्दै महाशिवरात्री पर्वलाई लक्षित गरी यहाँका ऐतिहासिक धार्मिक तथा पर्यटकीयस्थलहरुको सरसफाई गरिएको अध्यक्ष शाक्यले जानकारी दिए । उनले भने 'यहाँ रहेको धार्मिक तथा पर्यटकीयस्थल हाम्रो सौन्दर्यका गहना हुन् । शिवरात्रीका अवसरमा मात्र हैन अन्य समयमा समेत यहाँ थुप्रै पर्यटक तथा दर्शानार्थीहरु आउने गर्दछन्, त्यसैले पनि यहाँ स्वच्छ, सुन्दर र हराभरा बनाउन आवश्यक छ ।' क्लवले विगतका वर्षहरुमा पनि यहाँका क्षेत्रहरुमा सरसफाई गर्दै आएको छ । उसले यहाँको फूलबारी परिसरको झाडी पूर्ण रुपमा सफा गर्ने, अनावश्यक बोट विरुवा, काँटछाँट गरी, हिंडडुल गर्ने ढुङ्गे बाटाहरु सफा गर्ने जस्ता कामहरु पनि गर्दै आएको छ । फूलबारी क्षेत्र तानसेनका जनताको खानेपानीको श्रोत भएकाले पानीको श्रोत जोगाइराख्न, चिउरी, खल्डुक, कपुर र चाप जस्ता बोटविरुवाहरु समेत क्लवले केही वर्ष अघि रोपेको थियो । क्लवले सामाजिक क्षेत्रको विकाससँगै वातावरणलाई स्वच्छ, सफा र सुन्दर बनाउने कार्यमा विगतदेखि नै सक्रिय रुपमा काम गर्दै आएको क्लवका संस्थापक अध्यक्ष हिमालदत्त श्रेष्ठले बताए । उनले भने 'सरकारी क्षेत्रबाट गर्नुपर्ने कामहरु समेत क्लवमा आवद्ध युवाहरुले गर्दै आएका छन्, यो जिल्लामै नमूना क्लवका रुपमा रहेको मैले महशुस गरेको छु ।'

# 'सभ्य समाज निर्माणका लागि सबैले पहल गरौं'



**पाल्पा,** फागुन १०/जिल्लाको रामपुर नगरपालिकाकी उपप्रमुख तथा न्यायिक समितिकी संयोजक बालकुमारी थापाले सभ्य र सु-संस्कृत समाज निर्माणका लागि सबैले पहल गर्नुपर्ने बताएकी छन् ।

रामपुर नगरपालिका न्यायिक समितिको आयोजनामा वडा नं.३ रजघरामा भएको न्यायिक समितिसँग प्रहरी साझेदारी कार्यक्रमलाई सम्बोधन गर्दै उपप्रमुख थापाले यस्तो बताएकी हुन् । उनले शान्त र सभ्य समाज निर्माणका लागि अपराधिक घटना न्यूनीकरण गर्नु पर्ने भन्दै त्यसका लागि सबैले पहल गर्नुपर्नेमा जोड दिइन् । उपप्रमुख थापाले न्यायिक र शान्त समाज निर्माणका लागि विवादको समाधानसँगै अपराध अन्त्य हुनु पर्ने भन्दै विवाद, अपराधलाई कानुनी उपचारको माध्यमबाट समाधान गर्नु पर्ने धारणा व्यक्त गरिन् । ३ का वडा अध्यक्ष दामोदर पाठकले जानेर वा नजानेर गरिने अपराधले समाजलाई हानी पुऱ्याउने भन्दै जुनसुकै भए पनि अपराध क्षम्य नहुने बताए । साथै अपराध नियन्त्रणका लागि सबै लाग्नुपर्नेमा उनले जोड दिए । कार्यक्रममा ईलाका प्रहरी कार्यालय रामपुर पाल्पाका प्रहरी निरिक्षक रामबहादुर नेपालीले जुनसुकै अपराधलाई कानुनी दायरामा ल्याउन आवश्यक रहेको बताए । यस्तै न्यायिक समिति सदस्य खेमराज अधिकारीले पनि सभ्य र शान्त समाज निर्माणमा सबै लाग्नुपर्ने जोड दिए । कार्यक्रममा नेकपा एमाले रामपुर -३ का अध्यक्ष ईश्वरी खनालले विभिन्न अपराधजन्य घटनाको न्यूनीकरणका लागि सबै संयमित हुन आवश्यक रहेको बताए । कार्यक्रममा विभिन्न अपराध,लागु औषध,सडक सुरक्षा,साईबरक्राईम यसको कानुनी उपचार, न्यायिक समितिको काम, कर्तव्य र अधिकार लगायतका विषयमा अभिमुखिकरण प्रदान गरिएको थियो । कार्यक्रमको सहजिकरण ईलाका प्रहरी कार्यालय रामपुरका प्रमुख रामबहादुर नेपाली,रामपुर नगरपालिकाका न्यायिक समिति सचिवालय सचिव पार्वती परियारले गरेका थिए । रामपुर नगरपालिकाका उपप्रमुख तथा न्यायिक समितिका संयोजक बालकुमारी थापाको अध्यक्षता, समिति सदस्य खेमराज अधिकारीको स्वागत , सचिवालय सचिव पार्वती परियारको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# श्री स्टारलाई हराउँदै मच्छिन्द्र क्लब फाइनलमा



**काठमाडौं,** फागुन १०/बागमती गाउँपालिकामा जारी सातौं संस्करणको बागमती गोल्ड कप राष्ट्रिय फुटबल प्रतियोगिताको फाइनलमा मच्छिन्द्र क्लब प्रवेश गरेको छ । शनिबार भुरभुरेस्थित सहिद स्मृति रङ्गशालामा भएको दोस्रो सेमिफाइनल खेलमा श्री स्टार क्लबलाई ३-१ गोल अन्तरले हराउँदै मच्छिन्द्र फुटबल क्लब फाइनलमा प्रवेश गरेको हो । खेलको पहिलो हाफको ३७औं मिनेटमा श्री स्टारका विदेशी खेलाडी एलेक्स विलियमले पहिलो गोल गरेका हुन् । त्यस्तै, ४२औं मिनेटमा मच्छिन्द्र फुटबल क्लबका शिशिर लेखीले गोल गरेपछि खेल बराबरीमा पुगेको थियो । मच्छिन्द्रका समीरराज थोकरले दोस्रो हाफको ५१औं मिनेटमा गोल गर्दै अग्रता कायम राखेसँगै खेलको ८८औं मिनेटमा विदेशी खेलाडी स्टेफनले गोल थप्दै ३-१ अन्तरमा श्री स्टार पराजित गरेका हुन् । शनिबारको खेलमा मच्छिन्द्रका कप्तान देवेन्द्र तामाङ 'म्यान अफ दी म्याच। घोषित भएका छन् । उनलाई गाउँपालिकाका उपाध्यक्ष फणीन्द्र तिमल्सिनाले नगद रु १० हजार प्रदान गरेका थिए । शुक्रबार भएको पहिलो सेमिफाइनल खेलबाट चर्च ब्वाइज युनाइटेड विजयी बन्दै फाइनलमा प्रवेश गरेको छ । विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफलाई दुईका विरुद्ध तीन गोल अन्तरले हराउँदै चर्च ब्वाइज प्रतियोगिताको फाइनलमा प्रवेश गरेको थियो । फाइनल खेल यही फागुन १२ गते दिउँसो २ बजे चर्च ब्वाइज र मच्छिन्द्र क्लबबीच उपाधिका लागि प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ । उपाधि विजेताले रु १० लाख र उपविजेताले रु पाँच लाख प्राप्त गर्नेछन् । साथै सर्वोत्कृष्ट खेलाडीलाई रु एक लाख एक हजार र साथै उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट स्ट्राइकर र उत्कृष्ट कोचलाई जनही रु २५ हजार प्रदान गरिने आयोजकले जनाएको छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

# टहराबाट सुविधा...

...प्यारागन स्थापनापछि निजी क्षेत्रबाट थुप्रै स्कूलहरू खुले । दुई दशक लामो यात्रामा प्यारागनले राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरका पुरस्कारहरु समेत हात पाऱ्यो । उसले विद्यार्थीहरुलाई किताबी ज्ञानमामात्र सिमित नराखी विभिन्न अतिरिक्त क्रियाकलापमा समेत अब्बल बनाएको छ । प्रयोगात्मक शिक्षालाई अंगाल्दै अगाडि बढेको स्कूलले राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका विभिन्न खेलकूदमा विद्यार्थीहरुलाई सहभागी बनाएको छ । यहाँका विद्यार्थीहरु राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरकामा सहभागी मात्रै हैन विभिन्न पदकहरु समेत हात पार्न सफल भएका छन् । एसईईको परीक्षामा यहाँका विद्यार्थीहरुले उत्कृष्ट नतिजा दिन सफल भएका छन् । विभिन्न पुरस्कार र सम्मानबाट पनि स्कुलको २५ वर्षे यात्रा सफल र अब्बल भएको प्रष्ट हुन्छ ।

निजीस्तरका स्कूलहरु सञ्चालनमा थुपै चुनौति भए पनि प्यारागनले आफूलाई स्वर्णतिरको यात्रामा अगाडि बढाएको छ । सरकारीस्तरबाट होस् वा राजनीतिक स्तरबाट नै किन नहोस् उपेक्षामा परेका क्यौं निजी शैक्षिक संस्थाहरु बन्द भएको अवस्थामा प्यारागनले रजत जयन्ती मनाउनुलाई कम आकलन गर्न सकिदैन । रजत जयन्ती मूल समारोहको अवसरमा आयोजित कार्यक्रममा जिल्लाका सहभागीहरुले समेत स्कूलको २५ वर्षे यात्राको मुक्तकण्ठले प्रशंसा गरे । लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले निजी तवरबाट सञ्चालन भएको स्कूलले जिल्लाको शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताए । उनले २५ वर्षे लामो यात्रा तय गर्नु स्कूलका लागि चुनौतिको विषय भए पनि आफुलाई सफल शैक्षिक संस्थाको रुपमा स्थापित गराउन सक्नु नै महत्वपूर्ण रहेको उल्लेख गरे । मन्त्री सारुले अबको आवश्यकता व्यवसायिक र प्राविधिक भएकाले त्यसतर्फ ध्यान दिन स्कूललाई आग्रह गरे । उनले आगामी बर्षदेखी लुम्बिनी प्रदेशका सबै विद्यालयमा नर्स कार्यक्रम सञ्चालन गरिने समेत बताए । उनले विद्यालय शिक्षालाई स्वास्थ्यमैत्री बनाउँदै गुणस्तरीय शिक्षालाई प्राथमिकता दिन प्रदेश सरकारले आगामी बर्षदेखी प्रदेशभरीका विद्यालयहरुमा घुमन्ते नर्स अभियान सञ्चालनको तयारीमा रहेको उल्लेख गरे । कार्यक्रममा प्याब्सन पाल्पाका अध्यक्ष डाँसुराम पन्थ, तानसेन नगरपालिका -३ का वडा अध्यक्ष बाबुरत्न शाक्य, सम्मानित व्यक्तित्व साहित्यकार राजेन्द्र गोपाल सिं लगायतले स्कूलले शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जगदीश प्रसाद भट्टराईले स्कूल भौतिक रुपमा सुविधा सम्पन्न बन्दै गएको र आगामी दिनमा समय सापेक्षा शिक्षा प्रदान गर्दै जाने बताए । भट्टराईले स्कूलले रजत जयन्ती मात्र होइन स्वर्ण जयन्ती समेत भव्य रुपमा मनाउने उद्घोष गरे । विद्यालयका प्रिन्सिपल गंगाबहादुर खत्रीले स्कूलको हालसम्मको अवस्था र उपलब्धीका बारेमा प्रतिवेदन प्रस्तुत गर्दै सबैको सहयोग र साथका कारण नै स्कुलले रजत जयन्ती मनाउन सफल भएकोमा सबैलाई धन्वाद दिए । रजत जयन्तीको अवसरमा स्कूलको शैक्षिक, भौतिक क्षेत्रमा योगदान पुऱ्याउने व्यवस्थापन समितिका पूर्व अध्यक्ष, सदस्य, शिक्षक, कर्मचारी, पत्रकार, परीक्षामा उर्तिण हुने विद्यार्थी, अतिरिक्त क्रियाकलापका विभिन्न विधाहरुमा विजयी विद्यार्थीहरुलाई सम्मान समेत गरेको थियो । सोही अवसरमा पूर्व विद्यार्थी समाजले स्कूलमा अध्ययनरत विद्यार्थीहरुका ७० वर्ष भन्दा माथिका अभिभावहरुलाई सम्मान गरेको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जगदीश प्रसाद भट्टराईको अध्यक्षता, विद्यार्थी ओजस्वी पाण्डेको स्वागत, शिक्षक रामप्रसाद तिमिल्सीनाले कार्यक्रम माथि प्रकाश र विद्यार्थीहरु केकी बस्याल, आरती बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# सामुदायिक र निजी...

...यो वर्ष पनि सोही विद्यालयलाई स्मार्ट बोर्ड दिने तयारी रहेको केसीको भनाइ छ । विद्यालयलाई थप दुई वटा स्मार्ट बोर्ड तत्कालै सहयोग गर्ने समेत प्रमुख केसीको भनाइ छ । स्मार्ट बोर्ड भएमा शिक्षक हाजिर नहुँदा पनि त्यही बोर्डमार्फत पढाउन सकिने हुँदा कक्षा खाली हुने अवस्था नआउने केसीको भनाइ छ । सामुदायिक विद्यालय र निजी विद्यालयबीच भगिनी सम्बन्धमा यसरी एकअर्काप्रति सहयोग आदानप्रदान हुने भन्दै यो सम्बन्ध जोडेर सहयोग गरिरहेको उनले बताए । भगिनी सम्बन्ध निरन्तर जारी रहने भन्दै विद्यार्थीलाई जे आवश्यक पर्छ, त्योअनुरूप सहयोग गर्ने उनको भनाइ छ । साथै उनले सोही विद्यालयमा अध्ययन गरेर निस्केका एक जना विद्यार्थीलाई उच्च शिक्षाका लागि पनि सहयोग गरिएको उनको भनाइ छ । निजी विद्यालयसँगको भगिनी सम्बन्धले विद्यालयको मुहार फेरिएको मावि प्रतापकोटका व्यवस्थापन समिति अध्यक्ष लिलामणि बाँठाले बताउनुभयो । "२०७५ सालदेखि हाम्रो भगिनी सम्बन्ध जोडिएको हो, त्यहाँदेखि नियमित सहयोग भइरहेको छ", उनले भने, "त्यो सहयोगले हाम्रो विद्यालयको अवस्था फेरिएको छ ।" आवश्यक पर्ने डेस्क, बेञ्च, प्राजेक्टर, म्याट मात्रै होइन, विद्यार्थीलाई शैक्षिक सामग्री तथा कपडा समेत सहयोग गर्दै आएको भन्दै यसले विद्यार्थीमा आकर्षण थपेको उनको भनाइ छ । विद्यालयले विद्यालयलाई सहयोग गर्ने र विद्यार्थीले विद्यार्थीलाई नै सहयोग गर्ने गरेका छन् । सोहीअनुसार गोरखाका विद्यार्थीले समय-समयमा कपी, कलम, झोला, न्यानो कपडा सहयोग गर्दै आएका छन् । खाजा खर्च कटाएर यसरी सहयोग गर्ने गरेको विद्यालय व्यवस्थापन समिति अध्यक्ष बाँठाले बताए । *-रासस*

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई